# मङ्गलसेन नगरपालिका

मङ्गलसेन, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

# नगरसभा, २०७९

## सातौं अधिवेशन

२०८२ असार ९ गते, सोमवार

नगरसभा (पहिलो बैठक) संचालनको संक्षिप्त व्यहोरा

सभा सञ्चालन: १२.०० बजे, सभा समापन: १.३० बजे

छलफलका विषयहरु र क्रियाकलाप

- सर्वप्रथम सुदूरपश्चिम प्रदेशको स्थानीय तहको सभा सञ्चाललन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा २ वमोजिम मङ्गलसेन नगरसभा, २०७९ को सातौं अधिवेशन आजवाट प्रारम्भ भएको जानकारी गराउनुभयो ।
- तदोपरान्त लोकतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गराउनु भयो ।
- तदोपरान्त सभाध्यक्ष ज्यूले सुदुरपश्चिम प्रदेशको स्थानीय तहको सभा सञ्चाभलन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा २ वमोजिम मङ्गलसेन नगरपालिका, नगरसभा, २०७९ को सातौं अधिवेशन देहाय वमोजिमको मिति, समय र स्थानमा आरम्भ हुने गरी आव्हान गरेको छुं भन्ने व्यहोरा सहित अधिवेशन आह्वानको पत्र पढेर जानकारी गराउनु भयो ।
- तदोपरान्त सभाध्यक्षवाट नगरसभा, २०७९ को सातौं अधिवेशनको पहिलो वैठकको कार्यसूचीवारे जानकारी गराउनुभयो ।
- तदपोरान्त नगरसभा अध्यक्षज्यूवाट नगरसभामा प्रतिनिधित्व गर्ने २ वटा राजनीतिक दल वाट, नेकपा एमालेका विर्ख वहादुर वोगटी र नेपाली कांग्रेसका बिनोद कुमार थापालाई शुभकामना मन्तव्यका लागि समय उपलब्ध गराउनुभयो ।

पदम बहादुर बोहरा
नगर प्रमुख

- तदोपरान्त सभाध्यक्षज्यूबाट बैठकको कार्यसुची माथि विरोधको सूचना तथा विचार गरियोस भन्ने प्रस्ताव कुनैपनी सदस्यले दर्ता नगरेको जानकारी गराउनुभयो ।
- तत्पश्चात सभाध्यक्षज्यूले मङ्गलसेन नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्नुभयो ।
- नीति तथा कार्यक्रम प्रस्तुती पश्चात सभाध्यक्षज्यूबाट नीति तथा कार्यक्रम माथि सैद्धान्तिक छलफल, राय तथा सुझावका लागि छलफल अगाडी बढाउनुभयो ।
- छलफल पश्चात सभा सदस्यहरुबाट प्राप्त जिज्ञासाको जवाफ र सुझाव ग्रहण गरि उक्त नीति तथा कार्यक्रमलाई पारित गर्नका लागि निर्णयार्थ पेश गर्नुभयो ।
- तत्पश्चात सभाध्यक्षज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सभाबाट सर्वसम्मतीले पारीत भएको घोषणा गर्नुभयो ।
- तदरोपरान्त सभाध्यक्षज्यूले बैठकको कार्यसुचीको दोस्रो नम्बरमा रहेको आर्थिक विधेयक २०८२ लाई सैद्धान्तिक छलफलका लागि प्रस्तावको रुपमा प्रस्तुत गर्न नगर उपप्रमुख श्री संगिता कुमारी रावल लाई अनुमति प्रदान गर्नुभयो ।
- तदोपरान्त नगर उपप्रमुख संगिता कुमारी रावलले मङ्गलसेन नगरपालिकाको आर्थिक वर्ष २०८२।८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिन, जरिवाना तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्नको लागि बनेको नगरपालिकाको आर्थिक विधेयक २०८२ लाई छलफलका लागि सभामा पेश गर्नुभयो ।
- सभामा पेश भएको आर्थिक विधेयकलाई सभाध्यक्षज्यूले छलफलका लागि अगाडी बढाउनुभयो र सभामा छलफल पश्चात जवाफ र सुझाव ग्रहण सहित विधेयकलाई पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न पुनः नगर उपप्रमुख संगिता कुमारी रावललाई अनुमती दिनुभयो ।
- नगर उपप्रमुखज्यूबाट आर्थिक विधेयक पारित गरियोस भन्ने प्रस्ताव पेश भएपश्चात सभाध्यक्षज्यूबाट विधेयकलाई सभामा निर्णयार्थ पेरस्तुत गरि सर्वसम्मतीले पारित भएको घोषणा गर्नुभयो ।
- तदोपरान्त सभाध्यक्षज्यूबाट नगरपालिकाको विनियोजन विधेयक छलफलका लागि सभामा प्रस्तुत गर्न नगर उपप्रमुख श्री संगिता कुमारी रावललाई अनुमती प्रदान भयो ।

पदम बहादुर बोहरा
नगर प्रमुख

- नगर उपप्रमुखज्यूले नगरपालिकाको विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त मङ्गलसेन नगरपालिकाको विनियोजन सम्बन्धी विधेयक २०८२ छलफलका लागि गरिमामय नगरसभामा पेश गर्नु भयो ।
- सभामा पेश भएको विनियोजन विधेयक २०८२ लाई सभामा सैद्धान्तिक छलफलका लागि अगाडी बढाई आवश्यक राय सुझाव र छलफल गरिसकेपश्चात सभाध्यक्षज्यूबाट पुन उक्त प्रस्तावलाई पारित गरियोस भनी सभामा पेश गर्न अनुमती दिनुभयो ।
- सभाध्यक्षज्यूबाट उक्त प्रस्ताव पेश भए पश्चात विनियोजन विधेयकलाई पारितका लागि सभामा पेश गरियो र सर्वसम्मतीले पारित भएको घोषणा गर्नुभयो ।
- तदोपरान्त सभाध्यक्ष ज्यूले मङ्गलसेन नगरपालिका नगरसभा, २०७९ को सातौं अधिवेशनको दोस्रो वैठक २०८२ असार ९ गते दिउसो १.०० नगरपालिकाको सभा हलमा प्रारम्भ हुने घोषणा गर्दै पहिलो वैठकको समापन गर्नुभयो ।

पदम बहादुर बोहरा
नगर प्रमुख

# मङ्गलसेन नगरपालिका

मङ्गलसेन, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

# नगरसभा, २०७९

## सातौं अधिवेशन

२०८२ असार ९ गते, सोमवार

नगरसभा (दोस्रो बैठक) संचालनको संक्षिप्त व्यहोरा

सभा सञ्चालनः २.०० बजे, सभा समापनः ४.३० बजे

<u>छलफलका विषयहरु र क्रियाकलाप</u>

- सर्वप्रथम सभाध्यक्षज्यूबाट नगर सभाको सातौं अधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ भएको जानकारी गराउनुभयो ।
- तदोपरान्त सुदुरपश्चिम प्रदेशको स्थानीय तहको गाउँ सभा र नगरसभा (कार्य सञ्चालन) ऐन, २०७५ को दफा ३ को उपदफा २ बमोजिम मङ्गलसेन नगरसभा, २०७९ को सातौं अधिवेशनको दोस्रो बैठकका लागि यस सभाको सचिवालयमा दर्ता हुने आएका विभिन्न विषय प्रस्ताव र कार्यसूचीबारे जानकारी गराउनुभयो ।
- नगरसभा सचिवज्यूबाट कार्यसूचीबारे जानकारी गराईसकेपश्चात उक्त कार्यसूची माथि विरोधको सूचना तथा प्रस्ताव माथि विचार गरियोस भन्ने प्रस्ताव कुनै पनि सभा सदस्यहरुले नआएको जानकारी गराउदै सभालाई अगाडी बढाउनुभयो ।
- तदोपरान्त मङ्गलसेन नगर कार्यपालिकाको सिफारिसमा सभाको सचिवालयमा दर्ता भएको र ७ औं अधिवेशनको दोस्रो बैठकको कार्यसूचीको पहिलो नम्बरमा रहेको "आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम" प्रस्तुतीका लागि मङ्गलसेन नगरपालिकाका नगर उप-प्रमुख श्री संगिता कुमारी रावललाई अनुमती दिनुभयो ।
- नगर उपप्रमुखज्यूबाट "आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम" प्रस्तुती पश्चात उक्त प्रस्ताव माथी राय, सुझाव तथा जिज्ञाशाका लागि छलफल तथा राय संकलन गरि बजेट तथा कार्यक्रम"मा सैद्धान्तिक छलफल सकिएको घोषणा गर्दै पुनः नगर उप-प्रमुख तथा सभाका उपाध्यक्ष श्री संगिता कुमारी रावललाई "आर्थिक वर्ष

पदम बहादुर बोहरा
नगर प्रमुख

२०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम" लाई पारित गरियोस भनि प्रस्ताव प्रस्तुत गर्न अनुमती दिनुभयो ।

- तदोपरान्त नगर उपप्रमुख श्री संगिता कुमारी रावलले "आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमलाई पारित गरियोस्" भनी यस सम्मानित सभा समक्ष पेश गर्नुभएको प्रस्तावलाई निर्णयार्थ पेश गर्दै सभाबाट पारित भएपछी सभाध्यक्षज्यूले सर्वसम्मतीले पारित भएको घोषणा गर्नुभयो ।
- तदोपरान्त सभाको सचिवालयमा दर्ता भएको र दोस्रो बैठकको कार्यसूचीको दोस्रो नम्बरमा रहेको "नगर शिक्षा ऐन, २०८० (पहिलो संसोधन विधेयक २०८२)" लाई यस सम्मानित सभामा प्रस्तावको रूपमा पेश गर्न विधेयक समितिका संयोजक श्री खगेन्द्र बहादुर रावललाई अनुमति दिनुभयो ।
- उक्त "नगर शिक्षा ऐन २०८०, (पहिलो संसोधन विधेयक -२०८२)" सम्बन्धी प्रस्तावलाई छलफलको लागि अगाडी बढाउदै प्रस्तुत प्रस्ताव माथी राय, सुझाव तथा जिज्ञाशा संकलन र सम्बोधन गरि पुनः विधेयक समिति संयोजक श्री खगेन्द्र बहादुर रावललाई सो प्रस्ताव पारित गरियोस भनि सभामा प्रस्तुत गर्न अनुमती दिनुभयो ।
- उक्त प्रस्तावलाई निर्णयार्थ पेश गर्दै सभाबाट अनुमोदन गराए पश्चात प्रस्ताव सर्वसम्मतीले पारित भएको घोषणा गर्नुभयो ।
- तदोपरान्त सभाध्यक्षज्यूले बैठकको कार्यसूचीको तेस्रो नम्बरमा रहेको नगर कार्यपालिका मार्फत आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न १५ वटा कार्यपालिका बैठकले गरेका ११३ वटा निर्णयहरूलाई सभा मार्फत अनुमोदनको प्रस्तावलाई पारित अनुमोदनका लागि सभा समक्ष पेश गर्नुभयो ।
- सभाबाट सर्वसम्मत रुपमा ध्वनी मतका साथ कार्यपालिका निर्णय अनुमोदन भए पश्चात मङ्गलसेन नगरपालिका नगरसभा, २०७९ को सातौं अधिवेशनको पहिलो र दोस्रो बैठकमा उपस्थित छलफलमा भाग लिने सभा सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै साथै नगरसभाको सातौं अधिवेशनको लागि आवश्यक तयारी तथा व्यवस्थापनमा अहोरात्र खटिने सचिवालय, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु लगायत संचारकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद दिदै नगरसभाको सातौं अधिवेशनको दोस्रो बैठक संगै मङ्गलसेन नगरपालिका नगरसभा, २०७९ को सातौं अधिवेशन समापन भएको घोषणा गर्नुभयो ।

पदम बहादुर बोहरा
नगर प्रमुख